आज मिति २०८०/०३/३१ गते आईतबारको दिन जिल्ला सभाका अध्यक्ष एवं जिल्ला समन्वय समिति, तनहुँका प्रमुख श्री शन्तीरमण वाग्लेज्यूको अध्यक्षतामा देहायका जिल्ला सभा सदस्यहरु तथा आमन्त्रित सहभागीहरुको उपस्थितीमा जिल्ला सभा बैठक बसी देहायबमोजिमको निर्णय गरियो ।

**उपस्थिती :**

| | | | |
|---|---|---|---|
| श्री शान्तीरमण वाग्ले | प्रमुख, | जि.स.स. | (अध्यक्ष) |
| श्री बैकुण्ठ नाथ न्यौपाने | प्रमुख, | व्यांस न.पा. | (सदस्य) |
| श्री आनन्द राज त्रिपाठी | प्रमुख, | भानु न.पा. | (सदस्य) |
| श्री कृष्ण राज पण्डित | प्रमुख, | शुक्लागण्डकी न.पा. | (सदस्य) |
| श्री दधि राज सुवेदी | प्रमुख, | भिमाद न.पा. | (अध्यक्ष) |
| श्री राजेन्द्रकृष्ण श्रेष्ठ | अध्यक्ष, | ऋषिङ गा.पा. | (सदस्य) |
| श्री श्रीप्रसाद श्रेष्ठ | अध्यक्ष, | म्याग्दे गा.पा. | (सदस्य) |
| श्री शुक्र चुमान | अध्यक्ष, | आँबुखैरेनी गा.पा. | (सदस्य) |
| श्री सुरेन्द्र बहादुर थापा | अध्यक्ष, | बन्दिपुर गा.पा. | (सदस्य) |
| श्री होम बहादुर थापा | अध्यक्ष, | घिरिङ गा.पा. | (सदस्य) |
| श्री तिल बहादुर थापा | अध्यक्ष, | देवघाट गा.पा. | (सदस्य) |
| श्री इन्दिरा दरै | उप-प्रमुख, | व्यास न.पा. | (सदस्य) |
| श्री उमा गोतामे | उप-प्रमुख, | भानु न.पा. | (सदस्य) |
| श्री खुम बहादुर वि.क. | उप-प्रमुख, | शुक्लागण्डकी न.पा. | (सदस्य) |
| श्री शारदा खनाल | उप-प्रमुख, | भिमाद न.पा. | (सदस्य) |
| श्री गिनु माया थापा | उपाध्यक्ष, | ऋषिङ गा.पा. | (सदस्य) |
| श्री बाल कृष्ण घिमिरे | उपाध्यक्ष, | म्याग्दे गा.पा. | (सदस्य) |
| श्री दुर्गा अर्याल | उपाध्यक्ष, | आँबुखैरेनी गा.पा. | (सदस्य) |

**उपस्थिती : ...**

| | | | | |
|---|---|---|---|---|
| | श्री पञ्च माया गुरुङ | उपाध्यक्ष, | बन्दिपुर गा.पा. | (सदस्य) |
| | श्री राधा देवी अधिकारी | उपाध्यक्ष, | घिरिङ गा.पा. | (सदस्य) |
| — | श्री भुवन सिं गुरुङ | उपाध्यक्ष, | देवघाट गा.पा. | (सदस्य) |
| | श्री थमन सिंह थापा | जि.स.अ., | जि.स.स.का. | (सचिव) |

**उपस्थित सदस्यहरु :**

| | | | |
|---|---|---|---|
| | श्री बासुदेव थापा | उप-प्रमुख, | जि.स.स., तनहुँ |
| | श्री चिरञ्जिबी ढकाल | सदस्य, | जि.स.स., तनहुँ |
| | श्री नेत्र गुरुङ | सदस्य, | जि.स.स., तनहुँ |
| | श्री खिमलाल भण्डारी | सदस्य, | जि.स.स., तनहुँ |
| | श्री डोल बहादुर सुनार | सदस्य, | जि.स.स., तनहुँ |
| | श्री पान कुमारी खाँण | सदस्य, | जि.स.स., तनहुँ |
| | श्री लक्ष्मी गुरुङ | सदस्य, | जि.स.स., तनहुँ |
| | श्री तिला देवी राना आले | सदस्य, | जि.स.स., तनहुँ |

**निर्णय नं. १**

जिल्ला सभा (जिल्ला समन्वय समिति), तनहुँको स्वामित्वमा रही हाल लिज (भाडा) मा दिईंदै आएको साविक फराकचौर ९/ग हाल व्यास न.पा. – २, गणेशमानचोक स्थित कित्ता नं. १६३७ को जग्गामा निर्माण भएका शटर / कोठा लगायतका संरचनाहरू यही २०८० श्रावण १ गते देखि जिल्ला सभा (जिल्ला समन्वय समिति), तनहुँको स्वामित्वमा आउने हुँदा सो पश्चात् उक्त जग्गा तथा जग्गामा निर्माणभएका शटर / कोठा लगायतका संरचनाहरू उपयोग गर्ने सन्दर्भमा मिति २०८०/०३/१८ मा बसेको जिल्ला सभाको विशेष बैठकमा छलफल भई उक्त बैठकको निर्णय नं. ७ बमोजिम थप छलफल गरी निर्णय गर्नेगरी बैठक स्थगित भएकोमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) साविक फराकचौर ९/ग हाल व्यास न.पा. २ गणेशमानचोक स्थित कित्ता नं. १६३७ को जग्गा भाडामा दिने लिने सम्बन्धमा साविक जिल्ला विकास समितिको कार्यालय, तनहुँ र व्यास न.पा. – २ बस्ने प्रस्तावदाता श्री दिपेश बस्नेत बीच मिति २०६९/०३/३१ मा भएको सम्झौता, साविक जिल्ला विकास समितिको कार्यालय, तनहुँको च.नं. २६११, मिति २०७३/११/०९ को पत्र र मिति २०७७/०४/०९ को जिल्ला सभाको निर्णय नं. ४ को (क) बमोजिम उक्त जग्गामा निर्माण भएका शटर / कोठा लगायतका संरचनाहरू यही २०८० श्रावण १ गते देखि जिल्ला सभा (जिल्ला समन्वय समिति), तनहुँको स्वामित्व ल्याउने निर्णय गरियो । साथै शटर / कोठा लगायतका संरचनाहरू २०८० श्रावण १ देखि जिल्ला सभा (जिल्ला समन्वय समिति), तनहुँको स्वामित्वमा रहने व्यहोरा हाल भाडामा बसीरहेका भाडावालहरूलाई जानकारी गराईदिनका लागि प्रस्तावदाता श्री दिपेश बस्नेतलाई लेखी पठाउने निर्णय गरियो ।

(ख) निर्णय नं. १ (क) बमोजिम जिल्ला सभा (जिल्ला समन्वय समिति), तनहुँको स्वामित्वमा आउने शटर / कोठा लगायतका संरचनाहरू उपयोगको सन्दर्भमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(अ) हाल सो क्षेत्रमा घना बस्ती भई आवत-जावतमा कठिनाई उत्पन्न भईरहेको र विपदको सयममा सुरक्षित रहनका लागि त्यस क्षेत्रमा कुनैपनि खाली स्थान नभएका कारणले उक्त क्षेत्र खाली राख्नुपर्ने भन्ने व्यास नगरपालिका, २ नं. वडा कार्यालय तथा स्थानीयबासीको माग निवेदन, पुन: टेण्डर नगर्न साथै गुणस्तरीय र सुव्यवस्थित गर्नका लागि जनभावना अनुरुप अगाडी बढ्न प्रमुख राजनीतिक दलका व्यास नगरपालिका स्तरीय प्रमुख तथा प्रतिनिधिहरूको संयुक्त ध्यानाकर्षण निवेदन, व्यास नगरपालिकाको नगर सभाबाट उक्त क्षेत्र खुला राखी पार्क निर्माण गर्न उक्त जग्गा उपयोगको लागि अनुमति माग गर्ने निर्णय भई उक्त जग्गा उपयोगका लागि उपलब्ध गराई दिन व्यास नगरपालिकाबाट अनुरोध भई आएको र सभाका केही सदस्यहरूबाट पुनः भाडामा नै लगाउने कि भन्ने राय समेत प्रस्तुत भएको हुँदा उक्त जग्गा तथा संरचनाहरूको उपयोगका सन्दर्भमा अवस्था अवलोकन गरी आगामी जिल्ला सभामा राय सुझाव पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**देहाय**

| | |
|---|---|
| श्री शान्तिरमण वाग्ले (प्रमुख, जिल्ला समन्वय समिति, तनहुँ ) | संयोजक |
| श्री कृष्णराज पण्डित (प्रमुख, शुक्लागण्डकी नगरपालिका, तनहुँ) | सदस्य |
| श्री बासुदेव थापा (उप प्रमुख, जिल्ला समन्वय समिति, तनहुँ) | सदस्य |
| श्री श्रीप्रसाद श्रेष्ठ (अध्यक्ष, म्याग्दे गाउँपालिका, तनहुँ) | सदस्य |
| श्री दुर्गा अर्याल (उपाध्यक्ष, आँबुखैरेनी गाउँपालिका, तनहुँ) | सदस्य |
| जिल्ला समन्वय समितिले तोकेको एक जना अधिकृतस्तरको प्राविधिक | सदस्य |
| श्री थमन सिंह थापा (जि.स.अ., जिल्ला समन्वय समितिको कार्यालय, तनहुँ) | सदस्य सचिव |

(आ) २०८० श्रावण १ गतेबाट जिल्ला सभा (जिल्ला समन्वय समिति), तनहुँको स्वामित्वमा आउने जग्गा तथा संरचनाहरूको दीर्घकालीन उपयोगको सन्दर्भमा जिल्ला सभाले दीर्घकालीन उपयोगको टुङ्गो लगाए पछि सोही

बमोजिम हुने गरी हाललाई प्रत्येक सटर / कोठाको न्यूनतम मूल्य निर्धारण गरी (जिल्ला सभाको मिति २०८०/०३/१८ को निर्णय नं. १ बमोजिम निर्धारण भएको न्यूनतम भाडादर, भाडामा लगाईने शटर / कोठाहरुको अवस्थिति र सो क्षेत्रमा हाल प्रचलनमा रहेको औषत भाडादर समेतलाई आधार मानी न्यूनतम मूल्य निर्धारण गरी) हाल यथावत भाडामा रहेका व्यवसायीहरुलाई प्राथमिकता दिने गरी प्रत्येक सटर / कोठाका लागि छुट्टा छुट्टै खुल्ला प्रतिस्पर्धा हुनेगरी बढाबढबाट बढीमा ६ महिनाको निम्ति भाडामा लगाउन जिल्ला समन्वय समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

मिति २०८०/०३/१८ मा बसेको जिल्ला सभाको विशेष बैठकको निर्णय नं. ३ बमोजिम जिल्ला सभा (जिल्ला समन्वय समिति), तनहुँको नाममा रहेको साविक फराकचौर ९/ग कि.नं. ६०३ को जग्गामा सोही जग्गाको नजिक रहेको कि.नं. ६९१ को जग्गाका जग्गाधनी रेवतराज शाहले घर निर्माण गरी भोग चलन गरी आएको सम्बन्धमा उक्त जग्गा सट्टापट्टा / कित्ता मिलान गर्ने सन्दर्भमा आपसी सम्बादबाट समाधान खोज्नका लागि जिल्ला समन्वय समितिका प्रमुख श्री शान्तीरमण वाग्लेको संयोजकत्वमा गठित वार्ता समितिको मिति २०८०/०३/२० को बैठकको निर्णयबाट थप पहल गर्नका लागि सिफारिस भई आएको सन्दर्भमा जिल्ला सभाको तर्फबाट पनि थप पहल गर्ने र सम्बन्धित जग्गाधनी रेवतराज शाहलाई पनि थप पहल गरी टुङ्गोमा पुग्न बढीमा १ वर्षको समय अवधिको समयसीमा तोक्ने निर्णय गरियो ।

~ * ~